पत्र संख्या : २०८२/०८३

सूचना नं. :

मिति : २०८३-०३-३०

# आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले आफ्नो तथा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायमा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

उक्त कानुनी व्यवस्था बमोजिम मानेभञ्ज्याङ गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, स्थानीय सेवाका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरू तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूले आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण तोकिएको फाराममा स्पष्ट रूपमा भरी, आवश्यक प्रमाण तथा कागजात संलग्न गरी २०८३ साल भाद्र १५ गतेभित्र मानेभञ्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा तपसिल बमोजिमका विवरणका साथ खामबन्दी गरी अनिवार्य रूपमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

आ.व. २०८२/०८३ को सम्पत्ति विवरण

| कर्मचारीको हकमा | जनप्रतिनिधिको हकमा |
|---|---|
| कर्मचारीको संकेत नं.-<br>नाम, थर:<br>पद/तह:<br>सेवा/समूह:<br>श्रेणी/तह:<br>कार्यरत कार्यालय:<br>मोबाइल नं.-<br>ई-मेल ठेगाना: | नाम, थर:<br>पद:<br>जिल्ला:<br>स्थानीय तह:<br>वडा नं.-<br>मोबाइल नं.-<br>ई-मेल ठेगाना: |

..........................

नि. प्रमुख प्रशासकीय अधिकृत

मानेभञ्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
सूचना नं. :

मिति : २०८३-०३-३०

## कार्य सम्पादन मूल्याङ्कन (का.स.मु.) पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा मानेभञ्ज्याङ गाउँपालिकाका विभिन्न शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूले आर्थिक वर्ष २०८३/०८४ का लागि आफ्नो पदीय जिम्मेवारीअनुसारको कार्य सम्पादन मूल्याङ्कन (का.स.मु.) तोकिएको ढाँचाबमोजिम तयार गरी तोकिएको अवधिमा सम्पन्न गरेका कार्यहरूको विवरण वार्षिक कार्य सम्पादन मूल्याङ्कन फाराममा स्पष्ट रूपमा उल्लेख गरी सम्बन्धित शाखा प्रमुख तथा कार्यालय प्रमुखबाट आवश्यक स्वीकृति एवं हस्ताक्षर गराई मिति २०८३/०४/०७ गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा अनिवार्य रूपमा पेश गर्नुहुन सम्बन्धित सबै कर्मचारीहरूलाई जानकारी गराइन्छ।

तोकिएको समयभित्र कार्य सम्पादन मूल्याङ्कन (का.स.मु.) फाराम पेश नगर्ने वा अपूर्ण विवरण पेश गर्ने कर्मचारी स्वयं जिम्मेवार हुने तथा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही हुन सक्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

..............................
नि॰ प्रमुख प्रशासकीय अधिकृत



CamScanner